# नेपाल गजेट

## भाग ४

श्री ५ को सरकारद्वारा प्रकाशित

काठमाडौं मार्ग २३ गते २०२० साल

मुद्रण विभाग, सिंहदरबार

श्री ५ को सरकार

अर्थ मन्त्रालयको

### सूचना

यस मन्त्रालय अन्तर्गत भन्सार तथा अन्त: शुल्क विभागको डाइरेक्टर श्री देवेन्द्रराज उपाध्याय सरुवा भै खाली हुनआएको उक्त पदमा निजामतिसेवा नियमावली २०१३ (संशोधनहरू सहित) को परिच्छेद ८ को नियम २ को खण्ड (ख) ले दिएको अधिकार प्रयोग गरी तल सहिछाप गर्ने अधिकारीले सोही विभागको से. अ. अयोध्याप्रसाद प्रधानलाई मिति ०२०।६।१६ गतेदेखि कायम मुकायम मुकरर गरेको छ ।

डा. यादवप्रसाद पन्त

श्री ५ को सरकारको सचिव ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

श्री ५ को सरकार

## अर्थ मन्त्रालयको

## सूचना

यस मन्त्रालय अन्तर्गत टवसार विभागको डाइरेक्टर श्री तीर्थनाथ अधिकारी यु. यस. फेलोसियमा मिन्ट प्रशासनको प्रशिक्षणार्थ बेलायत जानुभएकोले वहांको अनुपस्थितीमा सो पदमा विशेष पदको श्रृजना गरी निजामति सेवा नियमावली, २०१३ (संशोधन हरू सहित) को परिच्छेद ८ को नियम २ को खण्ड (ख) ले दिएको अधिकार प्रयोग गरी तल सहिछाप गर्ने अधिकारीले मिति ०२० भाद्र २३ गतेदेखि सोही विभागका इन्जिनियर इन्चार्ज श्रीईश्वरीमान प्रधानलाई कायम मुकायम मुकरर गरेको छ ।

डा. यादवप्रसाद पन्त,
श्री ५ को सरकारको सचिव ।

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।